# माडी गाउँपालिका

५ नं. प्रदेश, नेपाल

## वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७७।७८

२०७७ असार १०

आर्थिक वर्ष ०७७।०७८ को पहिलो गाउँ सभा तथा यस गाउँपालिकाको आठौं गाउँसभामा

आमन्त्रीत सम्पुर्ण मित्रहरु,

यस सम्मानित सभाका सदस्यज्यूहरु,

कर्मचारी मित्रहरु,

पत्रकार तथा सुरक्षकर्मि

सम्पूर्णमा नमस्कार

नेपालको संविधानले संघिय संरचना अनुसार ७५३ स्थानीय तहको विभाजन गरे अनुसार यस रोल्पा जिल्लामा १० वटा स्थानीय तहको घोषणा भयो जस मध्य यस माडी गाउँपालिका पनि एक हो । यस माडी गाउँपालिकाको नामाकरण तत्कालीन जिल्लास्थित सर्वदलिय समितिले गर्यो । अठार मगरात खाम भाषामा माडी नभई मारी हो र मारीको अर्थ गाउँबस्तीबाट पानी तल खसेको अर्थ लाग्दछ । माडी भनेको बाह्र मगर भाषामा डी भनेको पानी भन्ने हुँदा यस गाउँपालिकाको नाम माडी भन्नु ऐतिहासिक रूपमा तथ्य संगत छैन । यो नामाकरण बदल्न संवैधानिक प्रकृया अनुसार अगाडी बढ्नुपर्ने देखिन्छ । हाल यो नामाकरण गरिएको माडी गाउँपालिकाको क्षेत्रफल १२९ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या १७९८६ र हाल वास तत्थ्याङक अनुसार जनसंख्या २४,००५ रहेको छ । यस गाउँपालिकाको पूर्वमा रोल्पा न.पा., पश्चिममा गंगादेव गा.पा, उत्तरमा परिवर्तन गा.पा र दक्षिणमा त्रिवेणी गा.पा. अवस्थित छन ।

## पृष्ठभुमि

राजनितिक अधिकार सुनिश्चितासंगै आर्थिक सम्वृद्धिको ढोका खोल्न समाजवाद उन्मुख संघिय संरचना सहितको संविधानको कार्यान्वयनको सुरुवात स्थानीय तहहरुको निर्वाचनबाट भयो । तर जनताद्धारा निर्वाचित जनप्रनिधिले निर्माण गरेको सो संविधान स्थानिय तहको संरचना केवल घरको गारो र छानो राखेर भित्री पार्टिशन, चुलोचौको आफै निर्माण गर भनि बुवाले छोरालाई अधिकार दिएको जस्तै थियो । भन्नुको अर्थ स्थानिय तहहरुलाई संविधानको अनुसूची ८ र ९ मा दिईएको अधिकार प्रयोग गरि सबल र संक्षम हुनलाई आवश्यक ऐन, कार्यविधि बनाउन जरुरी थियो । तर संघ, प्रदेश र स्थानिय तहले बनाउने सो ऐन, नियम तथा कार्यविधिहरु बाझिनु हुदैन । समयमै संघ र प्रदेशले आ–आफ्नो ऐन, नियमावली, कार्यविधि नबनाउँदा यस

गाउँपालिकालाई चाहिने ऐन, नियमावली तथा कार्यविधि बनाउन कठिनाई भई रहेको छ । अर्कातिर गाउँपालिकाको दरबन्दी अनुसारको जनशक्ति स्थानिय तहको घोषणा देखि हालसम्म यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत र लेखापालको भरमा तत्कालिन कार्य सञ्चालन हुँदै आएको कुरा यस सभामा सहभागि सबैमा जानकारी गराउदँछु । आर्थिक वर्ष ०७६/०७७ को दोस्रो चौमासिक चल्दै गर्दा यस गाउँपालिकामा दरबन्दी अनुसारको कर्मचारी समायोजन र पदस्थापनाबाट पदपूर्ति भई आ.व.०७६/०७७ को पहिलो र दोस्रो सभाले बनाएको नीति, कार्यक्रम र बजेट कार्यन्वयनको गति लिदैँ गर्दा विश्वव्यापि महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाईरस, कोभिड–१९ को कारण नेपालमा जारी लकडाउन संगै हाम्रो गाउँपालिकामा पनि गाउँपालिकाले सञ्चालन गर्ने सबै खाले कार्यक्रम, क्रियाकलापहरु बन्द गरी कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणको लागि जनप्रतिनिधि र कर्मचारी जुट्नु पर्ने भयो ।

अघिल्ला आर्थिक वर्षका बजेट जनताका माग र आवश्यकताका आधारमा वढी वितरणमुखी कार्यक्रम भएको र अपेक्षित परिणाम नदेखिएता पनि आधारभूत संरचनागत विकास भएको छ । चुनावी घोषणपत्रलाई लागू गर्दै शिक्षामा अभिभावकहरुले विद्यालयहरुमा निजि स्रोतमा शिक्षक व्यवस्थापन गर्दै आएकोमा यस गाउँपालिकाले करार दरबन्दी सिर्जना गरी शिक्षक व्यवस्थापन गरी अभिभावकले आफ्नो सम्पतिबाट निजी शिक्षक राख्नु पर्ने वाध्यताको अन्त्य भएको छ । यसै शैक्षिक सत्रबाट संञ्चालन हुने गरि माडी १ को श्री सरस्वति आधारभूत विद्यालय, वल्लेलाई कक्षा ९, माडी ३ को श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, तालाबाङलाई कक्षा ११ सञ्चालन गर्ने गरि अनुमति दिईएको छ । शैक्षिक सुधार र गुणस्तरीय शिक्षा प्राप्तीका लागि अनगिन्ती क्रियाकलपहरु सञ्चालन भएका छन् ।
आयआर्जनको क्षेत्रमा कृषि तथा पशु विकासमा आर्थिक, प्राविधिक र प्रविधि सेवा उपलब्ध भएता पनि त्यति परिणममुखि प्रतिफल देखिएको छैन् ।

## पूर्वाधार विकास

सडक संञ्जालका हिसाबले गाउँपालिकाको केन्द्र घर्तिगाउँ देखी प्रत्यक वडा कार्यालय सम्म सडकको पहूँच पुगेको छ । भित्रि कृषि ग्रामिण सडकहरुको ट्र्याकहरु लगभग पुरा भएकोछ । साथै आ.व ०७६।०७७ देखि वडा नं. १ र ४ को वडा कार्यालय भवन निर्माण कार्य सुरु भएको छ । उक्त भवनहरु आ.व ०७७।०७८ को पहिलो चौमासिकमा हस्तान्तरण हुने गरि निर्माण कार्य भई रहेको, वडा नं.४ स्वास्थ्य चौकी भवन यस चालु

आ.व को अन्त्य सम्म हस्तान्तरण हुने गरि निर्माण भईरहेको छ। वडाहरुको बजेटबाट स–साना पुर्वाधारका कामहरु, क्षमता विकास, सीप विकास,अन्य प्रवद्धनात्मक कामहरु उल्लेखित मात्रामा सञ्चालन भएका छन्। हाम्रो गाउँपालिकामा सामाजिक रुपान्तरण आर्थिक र भैतिक ( विपन्न वर्गको आयआर्जन र स्वछ खानेपानी ) निमार्णका लागि विभिन्न गैर सरकारी सस्थाहरुसंग सहकार्य भईरहेको छ। वृटिस वेलफेयर, आसा नेपाल, फिनल्याण्ड सरकारको सहयोगमा नेपाल रेडक्रस र सुआहारा सस्थासंग सहकार्यमा योजनाहरु संचालन भईरहेका छन।

### आर्थिक विकास

- हाम्रो गाउँपालिकाको मुख्य पेशा कृषि, पशुपालन तथा जडीबुटी सङ्कलनमा आत्मनिर्भर हुने र आय आर्जनको मुख्य आधारका रूपमा स्थापति गरिने नीति लिइएकोमा फलफूल खेती, पशुपालन, बीउ तथा घाँस उत्पादन कार्य सम्पन्न भएको। विभिन्न स्थानमा सिँचाइ सुविधाका लागि लिफ्टिङ सिँचाइ, कुलोका लागि पहल गरिएको छ।
- गाउँपालिकाभित्र स्थापना भएका उद्योगलाइ प्रवर्द्धन गर्न आर्थिक सहयोग प्रदान गरिएको छ। राष्ट्रिय प्रसारण लाइन पुगे सँगै गुणस्तरिय उर्जा आपूर्ति भइ २४ सै घन्टा उद्योग सञ्चालन भइ उत्पादन बढ्ने अवस्था सिर्जना भएको छ।
- पहिचान भएका पर्यटकीयस्थलको क्रमिक विकास गर्न विस्तृत प्राविधिक प्रतिवेदन (DPR) तयार गरिएको छ र सोही आधारमा भौतिक पूर्वाधार तयार गर्न थालनी गरिएको छ।
- गाउँपालिकाभित्र जथाभावी रूपमा उत्खनन् भइरहेको गिट्टी, ढुङ्गा, बालुवा नियन्त्रण गर्न पर्यावरणीय अध्ययन अनुरूप गाउँपालिकाको अनुमति दिइमात्र उत्खनन् गर्न दिइएको छ।

## सामाजिक विकास

- माडीवासीलाइ स्वच्छ खानेपानी व्यवस्था गर्न अधिकांश घरधुरीमा धारा पुगाउने प्रयत्न भएको छ।
- कक्षा १ देखि १२ सम्म निशुल्क शिक्षा प्रदान गर्ने नीतिलाइ कार्यान्वयन गर्न गाउँपालिकाले शिक्षकको नियुक्ति गरीएको छ। विद्यालयलाइ प्रविधिमैत्री बनाउने उद्देश्यले सोलार जडान तथा कम्प्यूटर लगायतका साधन उपलब्ध गराइएको छ।

- उच्चशिक्षामा माडीवासीको पहुँच बढाउन कुल ३ जनालाइ एच.ए., आइएससीएजी अध्ययनमा शतप्रतिशत आर्थिक सहयोग उपलब्ध गराइएको छ।
- आधारभूत तहमा गाउँपालिकास्तरीय परीक्षा सञ्चालन गरिएको छ।
- अध्यक्ष कप तथा शैक्षिक मेला आयोजना गरी शिक्षा क्षेत्रमा योगदान दिने शिक्षक, विद्यार्थी लगायतलाइ पुरस्कृत गरिएको छ। साथै सो गाउँपालिकास्तरीय खेलकूद आयोजनाबाट खेलकूदको विकासमा जोड दिइएको छ।
- सङ्कटमा परेका व्यक्ति, प्राकृतिक प्रकोपबाट पिडीत समुदायलाइ अध्यक्ष कोष तथा विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग प्रदान गरिएको छ।
- स्वास्थ्य सेवालाइ मौलिक हकको रूपमा स्थापित गर्न आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गर्न भवन निर्माण कार्य प्रारम्भ भएको छ। साथै, स्वास्थ्य चौकी नभएको वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ भएको छ। प्रत्येको वडाबाट आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने सुनिश्चित गर्न स्वास्थ्यकर्मी, औषधि तथा उपकरण सुनिश्चित गरिएको छ।
- घर्तिगाउँ स्वास्थ्य चौकीबाट गर्भजाँचका लागि अल्ट्रासाउन्ड परीक्षण गर्न उपकरण तथा स्वास्थ्यकर्मीलाइ तालीमको व्यवस्था गरिएको छ। साथै घर्तिगाउँ तथा कोर्चवाङ चौकीबाट प्रयोगशाला सेवा प्रदान गरिएको छ।
- कोरोना सङ्क्रमणको जोखिमबाट बच्न देश तथा विदेशबाट गाउँघर फर्कि आएका नागरिकलाइ क्वारेन्टिनमा खानपानको व्यवस्था सहित राख्ने, स्वास्थ्य जाँच गर्ने, आरडिटी, पिसिआर परीक्षण गर्ने कार्य गरिएको छ।
- बाली विज्ञान अध्यापनका लागि प्राविधिक शिक्षालयको अनुमित तथा १५ बेडको अस्पतालको स्थापना हुने भएको छ।

आ.व.२०७६।७७ मा नेपाल सरकार वित्तीय समानीकरण अनुदानतर्फ रू ७,६२,००,०००।–, सशर्त अनुदान रू ११,११,०००,००।–, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रू ४१,४०,०००।–, संघीय सरकार राजश्व बाँडफाँड रू६,५६,०००,००।–, प्रदेश सरकार राजश्व बाँडफाँड रू ४५,६१,०००।– प्रदेश सरकार

सशर्त अनुदान रू ४१,४०,०००।–, आन्तरिक राजश्व रू १७,५३,६००।– गरी यस गा.पा.लाइ आम्दानी भएको रकम पूँजीगततर्फ असार मसान्तसम्म खर्च हुने व्यहोरा जानकारी गराउँदछु।

विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाईरस र त्यसले पारेको प्रभावले हाम्रो अवस्था र आवश्यकता फेरिएको छ। कोरोना भाईरस अझै कति समय सम्म रहन्छ यो अनिश्चित छ। जनताको ज्यान बचाउनु कुनै पनि सरकारको पहिलो दायित्व हो । सोही अनुरुप कोरोना कोष स्थापना गर्नू यस सभाको प्राथमिकता रहने छ । एवम् प्रकारले स्वास्थ्य, शिक्षा, आयआर्जन, रोजगार, सेवा सुसाशन पहिलो प्राथमिकतामा रहने छन् भने भौतिक पूर्वाधारको विकास दोश्रो प्राथमिकतामा रहने छन । नेपालको संविधानले संस्थागते गरेको संघीय संरचना पछि स्थापित स्थानीय सरकार अन्तरगत रहेर माडी गाउँपालिकाले आफ्नो तीनवर्षे कार्यकाल पूरा गरेको छ । चौथो वर्षको कार्यकाल शुरू हुँदै गर्दा यस सम्मानीत सभामा आ.व. २०७७।७८को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । यस ऐतिहासिक अवसरमा स्वतन्त्रता, समानता, लोकतन्त्र तथा आमूल परिवर्तनका लागि माडीवासीले गरेको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध तथा जनआन्दोलनको इतिहासलाइ स्मरण गर्दै देश र जनताका लागि जीवन त्याग गर्ने अमर शहीदहरूप्रति उच्च श्रद्धाका सथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। घाइते, अपाङ्ग र बेपत्ताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

अब, आर्थिक वर्ष ०७७।७८ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु।

## आर्थिक विकास

१. 'कृषि, पशुपंक्षि, जडिबुटी र दीगो पूर्वाधार, समृद्ध माडीको आधार' नारालाई सार्थक गर्न कृषि, पशुपालन तथा जडिबुटी खेति तथा सङ्कलनलाई प्रवर्द्धन गरिनेछ।

२. कृषिमा पूर्ण अनुदान भन्दा पनि कृषककै साझेदारीमा अनुदान प्रदान गरिनेछ । कोरोना सङ्क्रमणका कारण देशकै अर्थव्यवस्थामा असर पुगेको सन्दर्भमा कृषि तथा पशुपालनमा रोजगारी अभिवृद्धि गर्न कृषकहरूको मागमा आधारित भइ प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

३. कृषि उपजले उचित बजार पाउनका लागि उत्पादक तथा बजार बीच सम्बन्ध सेतुका रूपमा गाउँपालिका रहने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. आधारभूत पूर्वाधारहरूको विकासका लागि विगतमा शुरूवात भएका योजनाहरूलाइ पूर्णता दिने प्राथमिकता रहनेछ ।

५. नेपालको संविधानको अनुसूची – ८ मा व्यवस्था भएबमोजिम स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिक (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन स्थानीय तहको अधिकारमा रहेको हुँदा करको दायरा बढाउन यी क्षेत्रमा राजश्व सङ्कलन गरिनेछ ।

६. विभिन्न कार्यक्रम तथा आयोजनाहरूमार्फत समुदायस्तरका समूहहरूलाइ उपलब्ध भएको पूँजी रकम र समूहरूले गरेको वचत रकमको लगत अद्यावधिक गरी सो रकम रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमूलक कार्यमा सञ्चालन गरिनेछ ।

७. गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाले परिचालन गरेको घुम्ती कोषलाइ बीउ पूँजीको रूपमा प्रयोग गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाइ सहकारी प्रणालीमा रूपान्तरण गरिनेछ । यसबाट कृषि, लघु तथा साना उद्योग क्षेत्रमा थप रोजगारी सिर्जना हुनेछ ।

**कृषि तथा पशुपालन**

८. कोरोना पिडित वा विदेशबाट फर्किएका र विदेशमा रहेका यूवाहरुलाई स्वरोजगार बनाउन व्यवसायीकरणका लागी विस्तृत प्रस्तावमा आधारीत ऋण प्रवाह गर्न नेपाल बैङ्क लिमिडेटसँग सहकार्य गरिनेछ ।

९. कृषकहरुको सशक्तिकरणका लागी कृषक क्षमतावृद्धि तालिम तथाअवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

१०. कृषिउत्पादन बढाउन साना सिचाई, प्लाष्टिक पोखरी र प्लाष्टिक टनेल लगायतका निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

११. प्रत्येक वडामा कृषि उपज सङ्कलन केन्द्र निर्माण गरिनेछ ।

१२. ५०% अनुदानमा पक्की पोखरी निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ।

१३. कृषि समूह, सहकारी तथा दर्ता भएका कृषि फर्महरूलाइ गहुँ, मकै र तरकारी बीउविजन उत्पादन तथा खरिदगरी वितरण गरिनेछ।

१४. कृषिऔजार, कृषिउपकरण ५०% अनुदान दिने व्यवस्था गरिनेछ।

१५. मागको आधारमा ८०% अनुदानमा फलफुलको विरुवा वितरण गरिनेछ। साथै वडा कार्यालयको सिफारिसको आधारमा अति विपन्न कृषकलाई निशुल्क वितरण गरिनेछ।

१६. कृषि उपजलाई बजारसम्म पुर्‍याउन सवारीसाधन खरिद गर्ने र ढुवानी अनुदानको व्यवस्था गरिनेछ।

१७. नेपाल सरकारको एकगाउँ एकप्राविधिक कार्यक्रमलाई पूर्णता दिन बजेटको व्यवस्था गरिनेछ।

१८. कृषकहरुको प्रोत्साहनका लागी उत्पादनको आधारमा पुरस्कृत गरिनेछ।

१९. कृषि पकेटक्षेत्रको सुधारका लागी कार्यक्रम सञ्चालन गरिनेछ।

२०. सहकारी तथा सामुहीक खेती प्रणालीलाई व्यवसायीक बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।

२१. पशु स्वास्थ्य सुधारको लागि औषधि तथा भ्याक्सिन खरिद गरिनेछ।

२२. पशु स्वास्थ्य शिविरको लागि ६ वटै वडामा कार्यक्रम सञ्चालन गरिनेछ।

२३. मासु उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न ५०% अनुदानमा बाख्रा पकेट क्षेत्र स्थापना गरिनेछ।

२४. स्थापित पशुपालन फर्महरुलाई व्यवस्थित गर्न कृषकको५०% लगानीमा आवश्यकताको आधारमा सुधारोन्मुख कार्यक्रम सञ्चालन गरिनेछ।

२५. विपन्न तथा पिछडीएको क्षेत्रमा २०% कृषकको लगानीमा बंगुरपालन कार्यक्रम संचालन गर्न बजेटको व्यवस्थापन गरिनेछ।

२६. वैदेशिक रोजगारबाट फिर्ता भएका कोरोना सङ्क्रमणबाट प्रभावित भएका र व्यवसाय उन्मुख कृषकहरुको लागि मागको आधारमा ५०% अनुदानमा पशुपालन व्यवसायमा स्थापित हुन कार्यक्रम सञ्चालन गरिनेछ।

२७. ३०% कृषकको लगानीमा डाले घाँस, भुइ घाँस तथा हिउदे घाँस वितरण गरिनेछ।

२८. कृत्रिम गर्भाधान कार्यक्रमलाई व्यवस्थित र सशक्त बनाउन प्राविधिकहरुलाई तालिमको व्यवस्था गरिनेछ।

२९. अतिगरिब पशुपालन व्यवसायिहरुलाई अनुदानको व्यवस्था गरिनेछ।

३०. फ्रेश हाउस सुधार कार्यक्रम ६वटै वडामा संचालन गरिनेछ।

३१. बधस्थल निर्माण गर्न अध्ययन गरि उपभोक्ताहरुलाई स्वच्छ मासु उपलब्ध गराउन३०% अनुदानको लागी बजेटको व्यवस्था गरिनेछ।

३२. यस गाउँपालिकाभित्रका कुनैपनि पशुपालक कृषक जसले वार्षिक १,५०,०००।– (अक्षरेपि एक लाख पचास हजार) सम्मको विक्री गरी आम्दानी गरेमा प्रोत्साहन स्वरूप रू १५,०००।– दिइनेछ ।

## सामाजिक विकास

३३. गाउँपालिका क्षेत्रभित्र अनियन्त्रित विक्री वितरण तथा सेवन बढेकोमा मदिरा तथा सूर्तिजन्य पदार्थ विक्री तथा वितरणलाइ नियमन गरिनेछ।

३४. सामाजिक कुरीति तथा अन्धविश्वासका रूपमा रहेको जातीय विभेद तथा छूवाछुत अन्त्य गर्न गाउँपालिकाले भरिथ प्रयत्न गरिरहेको छ । अबको आ.व. देखि जातिय विभेद तथा छूवाछुत अन्त्य गर्न प्रभावकारी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३५. जातिय छूवाछूत मुक्त वडा घोषणा गरिनेछ।

३६. दलित समुदायको परम्परागत सीपज्ञानलाइ व्यावसयिकरण गर्नका लागि व्यवसायको प्रकृति हेरि उद्योगका रूपमा सञ्चालन गर्न अनुदान दिइनेछ।

३७. बालविवाह न्यूनीकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

३८. उच्चशिक्षामा माडीवासीको पहुँच बढाउन कुल ३ जनालाइ एच.ए., आइएससीएजी अध्ययनमा शतप्रतिशत आर्थिक सहयोग उपलब्ध गराइएकोमा सो कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

### स्वास्थ्य

३९. स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्न प्रत्येक स्वास्थ्य चौकीलाई श्रोतसाधन सम्पन्न बनाइनेछ।

४०. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा गुणस्तरीय बनाउन स्ट्रेचर लगायतका अत्यावश्यक उपकरण उपलब्ध हुने सुनिश्चित गराईनेछ।

४१. जिल्ला कोल्ड स्टोर बाट ढुवानी भएको भ्याक्सीन सुरक्षित भण्डारण गर्नका लागी घर्तिगाउँ स्वास्थ्य चौकीलाई सव–सेन्टरको रुपमा व्यवस्थीत गरिनेछ।

४२. Covid-19 तथा अन्य सरुवा रोग लगायत विपद व्यवस्थापनका लागी स्थापित कोषमा रकम सुनिश्चित गरिनेछ । सो कोषबाट महामारीमा खटिने स्वास्थ्यकर्मीलाइ प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

४३. महामारी लगायत विपतका कारण सङ्कटमा परेकालाइ लक्षित गरी मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।

४४. सरुवा रोग नियन्त्रण सुरक्षित मातृत्व परिवार नियोजन कार्यक्रमको बारेमा जनचेतलामुलक कार्यक्रम संचालन गरिनेछ।

४५. अत्यावश्यक औषधि, उपकरण तथा सुरक्षा सामग्रीहरु र जनशक्तिको उपलब्धतामा कमि आउन नदिन खरिद तथा आपूर्तीको व्यवस्थालाई सहज बनाईनेछ।

४६. स्वास्थ्यका सूचकाङ्कका बारेमा नियमित छलफल गर्न मासिक बैठक सञ्चालनका लागी आवश्यक व्यवस्था गरीनेछ।

४७. महिला स्वास्थ्य स्वयंसेविकाको मासिक बैठक नियमित गर्न खाजा तथा यातायत खर्चको व्यवस्था गरिनेछ।

४८. अत्यावश्यक स्वास्थ्य सेवा प्रवाह गर्न जनशक्ति अभाव भएको स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी भर्ना गर्ने व्यवस्था गरिनेछ।

४९. गाउँपालिका क्षेत्रमा सञ्चालन भएका अस्पताल, क्लिनिक तथा औषधि पसलहरु अनुगमन गरी मापदण्ड अनुसार संचालन गरिनेछ।

५०. समुदायमा आधारीत नवजात शिशु तथा बाल रोगको व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई गुणस्तरीय बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरूलाइ पुनर्ताजगी तालीमको व्यवस्था गरिनेछ।

५१. गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई निरन्तरता दिन र गुणस्तरीय बनाउन आवश्यक उपकरण तथा अन्य सुविधा उपलब्ध गराइनेछ।

५२. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई स्वास्थ्य क्षेत्रमा थप जिम्मेवारी प्रदान गर्न स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य तथा जिम्मेवारीको बारेमा अभिमुखीकरण गरिनेछ।

५३. माडी गाउँपालिका स्थित घर्तिगाउँ स्वास्थ्य चौकीमा आन्तरिक श्रोत परिचालन गरी चिकित्सकिय सेवा प्रदान गरिनेछ तथा त्यहाँबाट RUSGसेवा तथा फार्मेसी सञ्चालनको व्यवस्था गरिनेछ।

५४.	पालिकाको Rapid Response Team लाइ वर्षभरी नै सक्रिय बनाईने छ।

५५.	स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी ढंगले लागु गरी पालिकाको सबै नागरिकको स्वास्थ्य विमा अनिवार्य गरिनेछ

५६.	जेष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकहरुको लागी वार्षिक रूपमा घर–घरमा स्वास्थ्य जाँच कार्यक्रम संचालन गरिनेछ।

५७.	उपाध्यक्ष महिला स्वास्थ्य स्क्रिनिङ क्याम्प सञ्चालन गरिनेछ।

५८.	गाउँपालिका क्षेत्रमा बालबालिकामा कुपोषण, वर्थ डिफेक्ट जस्ता स्वास्थ्य समाधानकालागी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५९.	गाउँपालिकाको हेल्थ प्रोफाईल तयार गरिनेछ।

६०.	सरसफाइ तथा स्वच्छताका लागि टोलस्तरीय समन्वय समिति, बजार सरसफाइ समिति, युवा स्वास्थ्य सरसफाइ समिति, महिला, स्वास्थ्य तथा सरसफाइ समिति गठन गरिनेछ। नमूना टोल छनोट गरी सरसफाइ अभियान सञ्चालन गरिनेछ।

६१.	फोहोर व्यवस्थापन, खानेपानी गुणस्तर तथा व्यवहार परिवर्तनका लागि जनचेतनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ। व्यवहार परिवर्तनका लागि सामग्री वितरण गरिनेछ।

६२.	नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई अझ व्यवस्थित र विस्तार गरिनेछ।

६३.	माडी गाउँपालिका भित्रका जनताहरुलाई आयुर्वेद औषधालयबाट सहज रुपमा निशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ।

६४.	आयुर्वेद स्वास्थ्य सेवा मध्य पंचकर्म अन्तर्गत सेवा सञ्चालन गरि बाथ तथा साससँग सम्बन्धी रोगहरूको न्यूनीकरण गर्न कार्य्रक्रम सञ्चालन गरिनेछ।

६५.	स्वस्थ आहार तथा व्यहारको माध्यमबाट स्वस्थ जीवनशैली अपनाउन प्रेरित गरिनेछ।

६६.	यस माडी गाउँपालिका भित्र रहेका स्तनपायी आमा तथा शिशुकालागि सो सँग सम्बन्धित औषधि वितरण गर्न स्वास्थ्य चौकी सँग समन्वय गरि व्यवस्थापन गरिनेछ।

६७.	यस औषधालयबाट सर्ने तथा नसर्ने रोगहरुको बच्ने उपाय तथा विभिन्न माध्यमबाट न्यूनीकरणकालागि परामर्श सेवा प्रदान गरिनेछ।

६८. घरायसी तथा वरपर पाउने जडिबुटीहरुको पहिचानउपयोगिता र प्रयोग गर्ने विधि साथै लक्षित , रोगहरुको बारेमापरामर्श सेवा दिइनेछ।

६९. स्थानीय स्तरमा धामी, गुरू, झाँक्री तथा ज्ञाताहरूलाइ जडिबुटीसम्बन्धी ज्ञान आदान प्रदान गरिनेछ।

७०. माडी गाउँपालिकालाइ पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ सूचक अनुसार अभियान सञ्चालन गरिनेछ । यसका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी परिचालन गरिनेछ।

**पोषण**

७१. यस माडी गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आ.व.का लागि यस माडीगाउँपालिकाले समपूरक कोष(Matching Fund)को व्यवस्था गर्नेछ। सो रकम विषयगत तथा क्षेत्रगत बिनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरीनेछ।

७२. बहुक्षेत्रीय पोषण योजना अर्न्तगत पोषण मैत्री स्थानीय शासन (NFLG)अवलम्बन गर्न कम्तिमा दुइ वटा वडालाइ पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गर्नेछ। यसका लागि एक वडा एक नमुना गाउँको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ। वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट बिनियोजन गरी वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ।

७३. महिला बालबालिका लक्षित कार्यक्रम जस्तैःबाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिनेछ।

७४. गाँउपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै गाँउपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीयपोषण पार्श्वचित्र(Nutrition Profile)यसै बर्षभित्र तयार गरिनेछ।

७५. सबैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिता सुनिश्चित गरिनेछ।

**महिला बालबालीका तथा जेष्ठ नागरिक समाज**

७६. विपन्न असहाय, यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिला तथा बालबालिकाहरूका लागि अल्पकालिन सेवा केन्द्र मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरिनेछ।

७७. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सीप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७८. स्थानीय व्यवसायी महिलाद्वारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रियस्तरको बजारमा पहिचान गर्राई विगतमा सन्चालित ग्रामिण व्यवसायको निरन्तरता दिइनेछ।

७९. अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचयपत्र प्रदान गरिनेछ।

८०. गाउँपालिकाबाट निर्माण हुने भौतिक संरचना अनिवार्य रूपमा अपाङ्गमैत्री बनाइनेछ।

८१. मध्यम अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतनामूलक स्वरोजगार तथा व्यवसायी तथा सीपमुलक कार्यक्रममा सहभागि गराइ आत्मनिर्भर बनाउन सहयोग गर्ने।

८२. अपाङ्गता भएका सबै व्यक्तिहरुलाई कानुन प्रदत्त सहज पहुँच पुर्‍याउन सरोकारवालाहरुसँग सहकार्य बढाइनेछ।

८३. घरबाट निकालिएका अपहेलित, असहाय जेष्ठ नागरिकका लागि वडा कार्यालयमार्फत घरमै पुनस्थापनाका लागि पहल गरिनेछ।

८४. जेष्ठ नागरिकहरुलाई कानुनप्रदत्त सेवाको सहज पहुँच पुर्याउन सरोकारवालाहरु सँग सहकार्य बढाउने।

८५. बालमैत्री नगर स्थापना गरिनेछ।

**शिक्षा, युवा तथा खेलकुद**

८६. नेपालको संविधानको अनुसूची ८ र ९ बमोजिम आधारभूत र माध्यमिक शिक्षालाई गुणस्तरीय र उपब्धिमूलक बनाइनेछ। साथै, संविधानको भाग३, धारा ३१अर्न्तर्गतका मौलिकहकहरु पुर्ण रुपमा कार्यान्वयन गरिनेछ।

८७. स्थानीय शासन संचालन ऐन २०७४ बमोजिमका अधिकारहरु पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

८८. शिक्षालाई शिप, शिपलाई श्रम, श्रमलाई उत्पादन र उत्पादनलाई रोजगारी सँग जोड्दै समृद्ध माडी, सुखी माडीबासीको अभियानलाई सार्थक बनाउन पहल गरिनेछ।

८९. संविधानतः शिक्षासम्बन्धी हक व्यक्तिको मौलिकहक हुनुको साथै र शिक्षा आर्जन गर्न पाउनु व्यक्तिको नैर्सर्गिक अधिकार हो भन्ने अवधारणालाई आत्मसात गर्दै माडी गाउँपालिका भित्र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिकतहसम्मको शिक्षा निशुल्क बनाईनेछ।

९०. गाउँपालिकाले प्रदान गर्दै आएको शिक्षण अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।आवश्यकता र औचित्यताको आधारमा अनुदान कोटा पूनरावलोकन गरिनेछ। यस वर्ष कक्षा वा तह थप भएका विद्यालयहरुलाई कार्यविधिले निर्दिष्ट गरे अनुसार अनुदान कोटा वितरण गरिनेछ।

९१. चारवर्ष उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक शिक्षाको अवसर सुनिश्चित गर्न एक वडा एक नमूना प्रारम्भिक बाल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

९२. पूर्व प्राथमिक शिक्षकको क्षमता विकासको लागि मन्टेश्वरी विधिमा आधारित तालिम र शैक्षिक सामग्री निर्माण तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

९३. बिचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जीवन उपयोगी सीपसँग प्रत्यक्ष जोड्दै विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्नजोड दिईनेछ । दिवाखाजा लगायतका कार्यक्रमहरु कार्यान्वयनको प्रभावकारीअनुगमन गरिनेछ।

९४. शिक्षण अनुदान कार्यक्रमलाई कार्यसम्पादनमा आधारित बनाईनेछ।

९५. निरन्तर विद्यार्थी मूल्यांकनलाई अनिवार्य गरिनेछ। सबै तहका शिक्षकहरुलाई आफूले अध्यापन गर्ने विषयप्रति जवाफदेहि बनाईनेछ।

९६. परिक्षाप्रणालीमा सुधारगर्नको लागि कक्षा ५ र ८ को परिक्षा गाउँपालिकास्तरीय बनाईनेछ। परिक्षा पद्धतीमा एकरुपता, विश्वसनीयता र वैधता कायमका साथै गुणस्तर सुधारको लागि राष्ट्रियस्तरमा हुने परिक्षाहरु बाहेक अन्य सम्पूर्ण कक्षाहरुको वार्षिक परिक्षाहरुको प्रश्नपत्र संकलन, निर्माण र वितरण, समिक्षा र अनुगमन कार्य माडी शिक्षा नियमावली अन्तर्गतको परिक्षा समितिको मातहतमा ल्याईनेछ। विद्यालयस्तरमा मासिक परिक्षा र एकाई परिक्षालाई अनिवार्य गरिनेछ।

९७. शैक्षिक गुणस्तर सुधारको लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहने हुँदा शिक्षक, विद्यार्थी एवम् अभिभावकहरुलाई शैक्षिक सामग्री निर्माणमा उत्प्रेरित गर्न शैक्षिक सामग्री प्रर्दशनी मेला आयोजना गरिनेछ।

९८. शिक्षकहरुलाई पेसाप्रति उत्प्रेरित गर्नको लागि विभिन्न मापदण्डहरु तय गरि गाउँपालिकाको उत्कृष्ट प्रधानाध्यापक र उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गरिनेछ।

९९. विद्यालयहरुमा सरसफाई सम्बन्धि सचेतना कार्यक्रमलाई जोड दिईनेछ। महिनावारीको कारण छात्राहरुको पठनपाठन र स्वास्थ्य विग्रिन नदिन सम्पूर्ण कक्षा ६ देखि माथीका छात्राहरुको लागि निशुल्क सेनिटरी प्याड उपलब्ध गराईनेछ।

१००. वडा शिक्षा समितिमार्फत विद्यालय वरिपरिको निश्चित क्षेत्रलाई मदिराजन्यवस्तु, सुर्तीजन्यवस्तु, धुमपान र जंकफुड निषेधित क्षेत्र घोषणा गरिनेछ।

१०१. स्वास्थ्य शाखाको सहकार्यमा वर्षमा २ पटक माडी गाउँपालिका भित्रका विद्यालयका शिक्षक र विद्यार्थीहरुको स्वास्थ्य परिक्षणको प्रबन्ध मिलाईनेछ।

१०२. कक्षा ९ देखि नै प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिईनेछ। प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब, जेहेन्दार र शहिद परिवारका विद्यार्थीहरुलाई विशेष छात्रबृत्तिको व्यवस्था गरिनेछ।

१०३. अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुबाट विद्यालयहरुमा सञ्चालन गरिने जुनसुकै कार्यक्रमको लागि पनि गाउँ शिक्षा समितिको पूर्वस्विकृिति अनिवार्य गरिनेछ । साथै उक्त कार्यक्रमको अनुगमन शिक्षा, युवा तथा खेलकुद शाखाबाट गरिनेछ।

१०४. गाउँपालिका भित्रका अति विपन्न, अनाथ, टुहुरा र कमजोर आर्थिक स्थिति भएका शहिद परिवारका बालबालिकाहरु शिक्षाबाट बन्चित नहुन भन्ने अभिप्रायले अध्यक्ष शैक्षिक उत्थान कार्यक्रम संचालन गरि उनिहरुलाई आवासिय बर्साईको व्यवस्था गरिनेछ।

१०५. महामारीको समयमा बैकल्पिक शिक्षालाई प्रभावकारी बनाइनेछ। यसकोलागि अभिमुखिकरण, पूर्वाधार निर्माण र अनुगमनमा जोड दिईनेछ।

१०६. विद्यालय समायोजन र एकिकरण कार्यलाई यो आर्थिकवर्ष तिव्रताका साथ अगाडी बढाइनेछ।

१०७. सबै तहका शिक्षकको क्षमता विकास तालिम कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ
।

१०८. विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको कडाइका साथ अनुगमन गरिनेछ।

१०९. गाउँपालिकामा दर्ता नभएका बालविकास केन्द्रलाइ दर्ता प्रक्रियामा ल्याइनेछ।

११०. माडी गाउँ शिक्षा ऐन र नियमावलीलाई प्रकाशन गरि वडा शिक्षा समिति र सम्पूर्ण विद्यालयहरुसम्म पुर्याइनेछ।

१११.	शिक्षक र विद्यार्थीको बीचमा माडी गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु र प्रतियोगितात्मक कार्यक्रमहरु गरिनेछ । शिक्षा दिवस लगायतका हरेक महत्वपूर्ण दिवसहरुका अवसरमा गाउँपालिका स्तरीय प्रतियोगितात्मक र अन्य कार्यक्रमहरु आयोजना गरिनेछ ।

११२.	सुचना तथा सञ्चार प्रविधिलाई शिक्षणमा प्रयोग गर्ने उद्देश्यले यो आर्थिक वर्ष भित्र गाउँपालिका क्षेत्र भित्र इन्टरनेटको पहुँच नभएका सम्पूर्ण माध्यमिक र आधारभूत तहको कक्षा ८सम्म सञ्चालित विद्यालयहरुमा एकपटकको लागि इन्टरनेटसेवा जडान गरिनेछ।

११३.	शहिद परिवारका सन्ततीहरुलाई सामूदायिक विद्यालयमा कक्षा १२ सम्म अध्ययनका लागि पूर्ण छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

११४.	राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार माडी गाउँपालिकाको समग्र वस्तुस्थिति झल्किने गरि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरिनेछ । यो वर्ष कक्षा१ बाट उक्त पाठ्यक्रम लागु गरिनेछ।

११५.	विद्यालयको भौतिक अवस्था अध्ययन गरि भौतिक सुविधा निर्माण र मर्मतसम्भार कार्यक्रमहरु संचालन गरिनेछ।

११६.	माडी गाउँपालिकाको शैक्षिक गतिविधिलाई स्थानीय एफ.एम. रेडियो मार्फत हप्ताको १ दिन प्रशारण गरिनेछ।

११७.	बाल विबाह न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रमहरु गरिनेछ ।

११८.	युवाहरुको चौतर्फी विकासको लागि राष्ट्रपति रनिङ शिल्ड तथा शैक्षिकमेला सञ्चालन गरिनेछ ।

११९.	गाउँपालिका भित्रको बेरोजगार युवा शक्तिलाई उत्पादनकार्यमा खटाउनका लागि अन्य शाखाहरुको सहकार्यमा उत्पादनमूलक कार्यक्रमहरु संचालन गरिनेछ।

१२०.	गाउँपालिका, गाउँ शिक्षा समिति, वडा शिक्षा समितिहरु र शिक्षा, युवा तथा खेलकुदशाखा मार्फत नतिजामा आधारित सुपरीवेक्षण, अनुगमन र मूल्यांकन कार्यलाई अनिवार्य, व्यापक र प्रभावकारी बनाइनेछ ।

**भौतिक निर्माण**

१२१.	हाल सञ्चालनमा रहेका सडकहरूको स्तरवृद्धि र स्तरोन्नती गरिनेछ । गाउँपालिका केन्द्रबाट वडा कार्यालय सम्मको सडकलाई विशेष जोड दिदैँ अन्य स्थानीय तह जोडन बाँकि रहेका सडक

खण्ड र निर्माणाधिन सडक खण्डलाई निरन्तरता दिइनेछ । सडकको विस्तृतीकरण गर्दै निश्चित मापदण्ड बनाएर सडकलाई व्यवस्थित गरिनेछ।

१२२. माडी गा.पा ५ नं वडा जाने मौलाबाङमा बेली ब्रिजको व्यवस्थापन गर्न पहल गरिनेछ ।

१२३. गाउँपालिका प्रशासनिक भवन, कृष्ण मा.वि. भवन, स्वास्थ्य चौकी भवन, वडा कार्यालय भवन, शित भण्डार, कृषि संकलन केन्द्रको निर्माण कार्यलाइ निरन्तरता दिइनेछ । सेवा प्रवाह गर्न कठिनाइ भएका स्वास्थ्य चौकी, वडा कार्यालय भवनको स्तरोन्नती गरिनेछ । विद्यालय, गाउँघर क्लिनिक लगायतका अन्य समुदाय केन्द्रित भवनहरु निर्माणमा विशेष जोड दिईनेछ ।

१२४. गाउँपालिका भरी रहेका अति आवश्यक र श्रोतको पहिचान गरी नमुना सिंचाई योजना र खानेपानी योजनाहरु विभिन्न संघसस्था तथा निकायहरू सँग सहकार्य गरी निर्माणगरिनेछ।

१२५. योजनाको प्रकृति हेरेर उपभोक्ता समितिवा बोलपत्रमार्फत गर्ने निर्क्योल गरिनेछ ।

१२६. जनश्रमदान गर्न नसकिने निर्माण योजनाहरुमा ठेक्का मार्फत गराउने र उपभोक्ता समिति मार्फत गर्नु पर्ने योजनाहरुलाई योजनाको प्रकृति अनुसार दश देखि तीस प्रतिशतसम्म जनश्रमदान गर्ने व्यवस्था मिलाईनेछ ।

१२७. हाल सडक निर्माण गर्दा अधिकांश डोजर मार्फत निर्माण भईरहेकोले डोजरको क्षमता अनुसारको दररेट कायम गरिनेछ ।

१२८. ठेक्का र मानिसद्वारा निर्माण गर्दा दिईने पारिश्रमिक जिल्ला दररेटका आधारमा भुक्तानी हुँदै आएको र अबको निर्माण कार्यमा जिल्ला दररेटलाइ आधार बनाई गाउँपालिकाले आफ्नै दररेट तोकि काम गराइनेछ ।

१२९. पहिरोका कारण अवरूद्ध बाटो सफा गर्ने कार्य, बाटोको नाला खन्ने, सामान्य बाटो निर्माण गर्ने कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगारहरू श्रमिक मात्र परिचालन गरिनेछ । श्रमिकद्वारा सम्पन्न हुनै नसक्ने कार्यमा मात्र डोजर लगायतका हेभी उपकरण प्रयोग गरिनेछ । स्वरोजगार कार्यक्रममा सूचिकृत व्यक्तिलाइ श्रमिकका रूपमा प्राथमिकता दिइनेछ ।

## सार्वजनिक सेवा तथा विकास

१३०. गाउँपालिका र यस मातहतका कार्यालयलाइ आवश्यक पर्ने जनशक्तिको यकिन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ।

१३१. गाउँपालिकाको रिक्त दरबन्दीको पदपूर्तिको लागि पहल गरिनेछ।

१३२. कार्यालय सहयोगी, सरसफाइ, बगैँचा हेरचाह सवारी चालक जस्ता कार्यलाई सेवा करारमा लिने कार्यलाई निरन्तरता दिईनेछ।

१३३. कार्यबोझ तथा कार्यप्रकृतिका आधारमा साथै कर्मचारीको कार्य सम्पादन क्षमता अनुसार गाउँपालिकाको कर्मचारी तथा सवै कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

१३४. गाउँपालिका भरिका सेवा प्रवाहलाई चुस्तपार्दरशी र जवाफदेही बनाउने नीति लिईनेछ ;दुरुस्त , यसका लागि सार्वजनिक उत्तरदायित्वको औजारहरु सार्वजनिक सुनुवाई ,सार्वजनिक परिक्षण , सामाजिक परिक्षणलाई कार्यान्वयनमा लिईनेछ।

१३५. उपभोक्ता हित संरक्षणको लागि आगामी आवमा निरन्तर अनुगमन गरिनेछ।

१३६. न्यायिक समितिको कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक श्रोत साधनको व्यवस्था गरिनेछ।

१३७. न्याय सम्पादनलाई सहज गर्न मेलमिलापकर्ता सुचिकृत गर्ने र आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१३८. विद्युतीय माध्यम तथा सामाजिक सञ्जाल मार्फत सूचनाहरू सार्वजनिक गरिनेछ।

१३९. गाउँपालिका भरिका पदाधिकारी र कर्मचारीको क्षमता र व्यक्तित्व विकासको लागि तालीम दिइनेछ।

१४०. माडी गाउँपालिका भित्रका सबै वडामा व्यावसायिकता विकास गर्ने तथा सीपमुलक कार्यक्रमसम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

१४१. औपचारिक शिक्षाबाट वञ्चित वडा टोलहरुमा प्रौढ शिक्षाको व्यवस्था गरिनेछ।

१४२. कर्मचारीको कममा सिर्जनशीलता लाई पूर्णताजगी गर्न खेलकुद सम्बन्धि गतिविधि गरिनेछ।

१४३. एक आर्थिक वर्षमा न्युनतम एक सय दिन रोजगारमा संलग्न नभएका वा कम्तीमा तोकिए (१००) -१८) बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखि उनान्साठी वर्ष

उमेर समुहको व्यक्तिहरुलाई प्राथामिकीरण मार्फत वेरोजगार सुचीमा संलग्न गराइ ( ५९ वेरोजगार पहिचान गरिने छ।

१४४. वेरोगार पहिचान भइ बेरोजगारमा सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कम्तिमा १०० दिन बरारको युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना मार्फत रोजगारमा संलग्न गराइने छ।

१४५. उपभोक्ता समितिमार्फत हुने निर्माण कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगारहरूलाइ अनिवार्य रोजगारमा लगाउने व्यवस्था गरिनेछ।

१४६. गाउँपालिका क्षेत्रभित्र हुने निर्माण कार्य गर्ने निर्माण व्यवसायीहरूलाइ प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगारहरूलाइ रोजगारी दिन प्रोत्साहन गरिनेछ।

१४७. गाउँपालिकाबाट सञ्चालन हुने अथवा अनुदानप्राप्त कार्यक्रममा जनशक्ति परिचालन गर्नुपर्ने भएमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत व्यक्तिहरूलाइ परिचालन गरिनेछ।

**भूमि व्यवस्था**

१४८. गाउँपालिका भित्र कुनै पनि स्थायी वा अस्थायी संरचना बनाउदा गाउँपालिकाबाट अनिवार्य नक्सापास गरी स्वीकृति लिनुपर्ने र सो भन्दा अगाडी बनेको संरचनाको हकमा नक्सा बनाई पेश गर्नु पर्ने व्यवस्था गरिनेछ।

१४९. शहिदमार्ग लगायत अन्य बाटोहरुको लगतकट्टा प्रक्रिया अगाडी बढाइनेछ।

१५०. गाउँपालिका भरिका सरकारी पोखरी, बनजङ्गल, ऐलानी, सार्वजनिक जग्गाको एकिन तथ्याङ्क लिइ संरक्षण गरिनेछ तथा आवश्यकता अनुसार प्रयोगमा ल्याइनेछ।

१५१. अव्यवहारिक रुपमा जमिन खण्डिकरण भईरहेकोमा घडेरी कायम गर्दा मोहडा कम्तिमा ६ मिटर तथा लम्बाइ कम्तिमा १५ मिटर कायम गरी सो भन्दा कम कित्ताकाट गर्न रोक लगाइनेछ। सो भन्दा कम कित्ताकाट गर्नु पर्ने स्थितिमा जनताको आवश्यकता हेरी कार्यपालिका स्तरीय निर्णय मार्फत अनुमति दिने व्यवस्था गरिनेछ।

## वन, वातावरण तथा  विपत व्यवस्थापन

१५२. वन संरक्षण संवर्द्धन,र व्यवस्थापन र उपयोगिता सम्बन्धि  अभिमुखीकरण कार्य गरिनेछ।

१५३. माडी गाउँपालिका अन्तर्गत पर्ने शहिद मार्गलाइ हरित मार्गको रुपमा विस्तार गर्नका लागि सो खण्डमा पर्ने निजी जग्गा बाहेकका सार्वजनिक जग्गामा वन कार्यालय लगायतका विभिन्न संघसस्थासँग समन्वय गरी वृक्षारोपण गरिनेछ।

१५४. जडिवुटी विस्तारको लागि गाउँपालिका स्तरीय नर्सरी स्थापना गरिनेछ।

१५५. सामुदायकि वनउपभोक्ताहरूलाइ अग्नि नियन्त्रण सम्बन्धि तालिम दिने व्यवस्था गरिनेछ। साथै प्रत्येक वडा कार्यालयमार्फत परिचालन हुने गरी अग्नि नियन्त्रण सामान खरिद गरिनेछ।

१५६. जलवायु परिवर्तन अनुकुलन सम्बन्धि अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

१५७. रिचार्ज पोखरी, मुहान संरक्षण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

धन्यवाद।